हाम्रो गौरव, हाम्रो पौरख

हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.

Hamro Gaurav Saving & Credit Co-operative Society Ltd.

पोखरा महानगरपालिका-३०, कास्की गण्डकी प्रदेश, नेपाल

Pokhara Metropolitan-30, Kaski, Gandaki Province, Nepal

वार्षिक प्रतिवेदन-२०८३

१५ औं वार्षिक साधारण सभा

२०८३ आश्विन २५ गते आइतवार



राष्ट्रिय गान

सयौं थुँङ्गा फूलका हामी एउटै माला नेपाली,
सार्वभौम भई फैलिएका मेची महाकाली ।।१।।

प्रकृतिका कोटी कोटी सम्पदाको आँचल,
वीरहरुका रगतले स्वतन्त्र र अटल ।।२।।

ज्ञानभूमी, शान्तिभूमी तराई, पहाड, हिमाल,
अखण्ड यो प्यारो हाम्रो मातृभूमी नेपाल ।।३।।

बहुल जाती, भाषा, धर्म, संस्कृति छन् विशाल,
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।४।।

सहकारीका ७ सिद्धान्तहरु:

- स्वेच्छिक तथा खुला सदस्यता
  (Voluntary & Open Membership)
- सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण
  (Democratic Member Control)
- सदस्यहरुद्वारा आर्थिक सहभागिता
  (Member's Economic Participation)
- स्वायत्तता र स्वतन्त्रता
  (Autonomy & Independence)
- शिक्षा तालिम तथा सूचना
  (Education Training & Information)
- सहकारीबीच पारस्परिक सहयोग
  (Co-operation among co-operatives)
- समुदायप्रति चासो
  (Concern for Community)

दर्ता नं.: ६०१/०६५/०६६

पान नं.: ३०३६५१०७५

हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.

Hamro Gaurav Saving & Credit Co-operative Society Ltd.

पोखरा महानगरपालिका-३० कास्की, गण्डकी प्रदेश, नेपाल

Pokhara Metropolitan-30 Kaski, Gandaki Province, Nepal

पत्र संख्या: २०८३/०८४

चलानी नं.: २५

मिति: २०८३/०५/२६

१५ औं साधारण सभा वारेको सूचना

हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८३ भाद्र १७ गते को सञ्चालक समितिको निर्णय अनुसार संस्थाको **१५ औं वार्षिक साधारण सभा** गण्डकी प्रदेश सहकारी ऐन २०७५, सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा निर्देशिका २०७६, संस्थाको विनियम बमोजिम देहायका विषयमा छलफल तथा निर्णयका लागि तपशिलको मिति, समय र स्थानमा सम्पूर्ण सेयर सदस्यज्यूहरूलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

छलफलका विषयहरु :

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
३. आ.व. २०८२/०८३ को लेखा परिक्षण प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
४. आ.व. २०८२/०८३ मा संचालक समितिले गरेका निर्णयहरू अनुमोदन सम्बन्धमा ।
५ आ.व. २०८३/०८४ को बार्षिक नीति कार्यक्रम तथा बजेट प्रस्तुत र पारित सम्बन्धमा ।
६. आ.व. २०८३/०८४ को लागि लेखा परिक्षक नियुक्ती र पारिश्रमिक सम्बन्धमा ।
७. शेयर लाभांश एवं संरक्षित पूँजि फिर्ता कोष वितरण सम्बन्धमा ।
८. कार्यविधी पारित सम्बन्धमा ।
९. धितो सकार अनुमोदन सम्बन्धमा ।
१०.व्याज छुट अनुमोदन सम्बन्धमा ।
११. साधारण सभाको निर्णय पुस्तिका प्रमाणिकरणका लागि प्रतिनिधी छनौट सम्बन्धमा ।
१२. विशेष प्रस्तावहरू ।
१३. विविध सम्बन्धमा ।

तपशिल :

मिति : २०८३ असोज २५ गते आइतवार ।
स्थान : सामुदायिक मैत्री सभाहल पोखरा ३०, खुदी ढुंगेपाटन, (पोखरा ३०, वडा कार्यालय संगै)
समय : बिहान ११:३० बजे देखि दिवा ४ बजेसम्म ।

नोट : साधारण सभामा कुनै विषयमा छलफल गर्नु पर्ने भएमा मिति : २०८३ असोज १२ गते कार्यालय समय भित्र लिखित रूपमा पेश गर्नुपर्नेछ । वार्षिक साधारण सभाको प्रतिवेदनहरू संस्थाको वेबसाईट www.hamrogauravsaccos.com मा हेर्न सक्नुहुनेछ । साधारण सभामा उपस्थित हुँदा सेयर सदस्यज्यूहरूले आफ्नो सदस्यता परिचय पत्र अनिवार्य लिई उपस्थित हुनुहुन अनुरोध गरिन्छ ।

सञ्चालक समितिका सचिव
चन्द्रकान्त देवकोटा

फोन नं.: ०६१-५०४०४५, ५०४०६१

Email: hamrogaurav2066@gmail.com, info@hamrogaurav.com.np
Website: www.hamrogaurav.com.np

हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लिमिटेड
पोखरा-३०, खुदी ढुंगेपाटन, कास्की

परिचय (Introduction)

हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लिमिटेड. सहकारी ऐन २०४८ बमोजिम २०६६ साल बैशाख २२ गते दर्ता भई २०६६ जेष्ठ २ गते देखि आफ्नो कारोवार संचालन गर्दै आईरहेको छ । यस सहकारी संस्था नवदुर्गा महिला बचत तथा ऋण सहकारी संस्था र गोरखनाथ कृषि सहकारी संस्था एक आपसमा गाभिएर बनेको सहकारी संस्था हो । यसको कार्यालय पोखरा-३०, खुदी ढुंगेपाटन, कास्कीमा रहेको छ । स्थानिय प्रतिष्ठित प्रबुद्ध बर्ग, शिक्षक, ब्यवसायी र समाज सेवीहरूको सहभागितामा यो सहकारी संस्था स्थापना भएको हो । स्थानिय क्षेत्रमा छरिएर रहेको पूजीलाई एकिकृत गरी स्वस्थ प्रतिस्प्रर्धाबाट आकर्षक ब्याज प्रदान गरी निस्कृय रहेको पूँजीलाई उत्पादनसील क्षेत्रमा प्रवाह गर्ने सहकारी संस्थाको मूल उद्धेश्य रहेको छ । हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि प्रदेशस्तरको वित्तीय सहकारी संस्था हो र यसको कार्यक्षेत्र कास्की जिल्लाका पोखरा महानगरपालिका, मादी गाउँपालिका र रूपा गाउँपालिका रहेको छ ।

परिकल्पना (Vision)

वित्तीय सेवा मार्फत स-सानो पूँजी संकलन गरी स्थानिय आवश्यकता परिपूर्ति गर्दै उत्कृष्ट वचत तथा ऋण सहकारी संस्था हुने ।

ध्येय (Mission)

आधुनिक प्रविधिको प्रयोग गरी प्रतिष्पर्धी एव गुणस्तरीय सेवाहरू मार्फत सदस्यहरूको आर्थिक उन्नती, सामाजिक र साँस्कृतिक रूपान्तरण गर्ने ।

उद्धेश्य (Objectives)

- ❑ आफ्नो कार्यक्षेत्र भित्र आर्थिक क्षेत्रमा उच्च एव गुणस्तरीय सेवा प्रदान गर्ने । सहकारीको मूल्य मान्यता अनुरूप सदस्यहरूलाई गैर वित्तीय सेवा प्रदान गर्ने ।
- ❑ सदस्य शिक्षा र संख्यात्मक वृद्धिमा जोड दिने ।
- ❑ समृद्ध र सक्षम सहकारी संस्थाको रूपमा विकास गर्ने ।
- ❑ यस क्षेत्रका सहकारी संस्थामा एकरूपता र विकासमा योगदान गर्ने ।
- ❑ समुदायमा अनुकुल सेवा प्रदान गर्ने ।

शेयर पूँजी (ShareCapital)

पुँजी नै सहकारी संस्थाको मेरूदण्ड हो । हाल यस संस्थाको चुक्ता शेयर पूँजी रू ६.११,४६,५००/- रहेको छ । उक्त रकमलाई आगामी दिनहरूमा माग अनुसार वृद्धि गर्दै लगिनेछ ।

व्यवस्थापन (Management)

शेयर सदस्यहरूको सन्तुष्टि नै यस संस्थाको प्रगति एवम् सफलता हो भन्ने मूल नारालाई अघि सार्दै दैनिक कारोवार सञ्चालन गर्न तथा सञ्चालक समितिले तोकेको नीति तथा कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न समितिबाट संस्थाको स्वीकृत मानव संसाधन ब्यवस्थापन नीति बमोजिम दक्ष एवम् अनुभवी कर्मचारीहरूको नियुक्ति गरिएको छ ।

प्रविधि (Technology)

शेयर सदस्यहरूलाई छिटो छरितो एवम् सर्वसुलभ ढङ्गले वित्तीय सेवाहरू प्रवाह गर्नका लागि तथा दैनिक रूपमा हुने कारोवारलाई व्यवस्थित ढङ्गले लेखाङ्कन गर्न संस्थालाई पूर्ण रूपमा कम्प्यूटराइज गरिएको छ । यसको साथै शेयर सदस्यसँगको वित्तीय कारोवारलाई विश्वसनीय तथा व्यवस्थित गर्नका लागि संस्थाको सम्पूर्ण आर्थिक कारोवार ईनफिनिटि सफ्टवयरबाट कम्प्युटर प्रणालीमा हिसाव किताब राख्ने गरिएको छ ।

आवद्धता (Interrelationship)

- ❑ राष्ट्रिय सहकारी नियमन प्राधिकरण
- ❑ कर्जा सूचना केन्द्र लिमिटेड
- ❑ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संस्था (नेफ्स्कून)
- ❑ राष्ट्रिय सहकारी बैंक लि.
- ❑ जिल्ला सहकारी संघ कास्की
- ❑ जिल्ला बचत तथा ऋण सहकारी संघ लि. कास्की
- ❑ लेखनाथ उद्योग वाणिज्य संघ कास्की
- ❑ आन्तरिक राजश्व कार्यालय पोखरा

बचत सेवाहरू (Saving Services)

मासिक बचत
दैनिक बचत
ऐच्छिक बचत
आाकुरा बचत
खुत्रुके बचत
आवधिक (मुद्धति) बचत
आपसी सहयोग कोष

कर्जाका सेवाहरू (Loan Service)

(क) आयमूलक ऋणतर्फः

पशुपालन
कुखुरापालन
कृषि
उद्योग/व्यापार

(ख) सामाजिक ऋण तर्फः

शैक्षिक ऋण
वैदेशिक रोजगार ऋण
सामाजिक कार्यका अल्पकालिन ऋण

(ग) जग्गा खरिद तथा घर निर्माण ऋण

घ) हायर पर्चेज ऋणः

गैर वित्तीय सेवाः

❑ सहकारी शिक्षा ❑ पेशागत तालिम एवम् शिक्षा ❑ सामाजिक दायित्व र सेवाकार्यहरू ❑ सहकारी अवलोकन भ्रमण

संस्थाले सञ्चालन गरेका सामाजिक तथा समुदायमा आधारित सेवा कार्यहरूः

- ❑ ज्येष्ठ नागरिकहरूलाई सम्मान तथा फलफूल वितरण ।
- ❑ खुत्रुके, बाल बचत कर्तालाई हर्लिक्स, खुत्रुके र नगद वितरण ।
- ❑ शेयर सदस्यहरूलाई असाधारण रोग लागेमा जिवितै अवस्थामा र शेयर सदस्यको मृत्यु भएमा ५०००/- देखि ५००००/- सम्मको राहत रकम प्रदान गरिने ।
- ❑ समुदायमा आधारित विभिन्न विकास निर्माण कार्यमा सहयोग प्रदान ।
- ❑ विभिन्न संघ संस्थालाई आर्थिक सहयोग कार्यक्रम ।
- ❑ शेयर सदस्यको मृत्युमा सहकारी संस्थाको तर्फवाट रू ५०५। भेटी लैजाने ।

आर्थिक वर्ष	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	२०८१/०८२	२०८२/०८३
सदस्य संख्या	१९५६	२०४८	२०३६	२०३३	२०५४



आर्थिक वर्ष		२०७८/०७९	२०७९/०८०	२०८०/०८१	२०८१/०८२	२०८२/०८३
शेयर पुजी		१२३६२४९००	६२०२४१००	६१३३१०००	६११७००००	६११४६५००



आर्थिक वर्ष	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	२०८१/०८२	२०८२/०८३
बचत रकम	४८८८१७१४७	५३४३३५४०९	५४६७६६१७१	४८५८०३१३१	५५६८८२७५९



आर्थिक वर्ष	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	२०८१/०८२	२०८२/०८३
ऋण लगानी	५८०३९५०२४	५४३३९३६२७	५४१८०५०७०	५३४३०१७१६	५००३७८६५२



आर्थिक वर्ष	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	२०८१/०८२	२०८२/०८३
कुल सम्पती	७००२०६०२४	६९१४४६५६६	६७६७२३८५३	६३५३४७०६४	६९९२९१९२४



विवरण	शेयर पुजि	बचत	कर्जा लगानी	स्थिर सम्पत्ती	आम्दानी	मुनाफा
आ.व २०८२/०८३	६११४६५००	५५६८८२७५९	५००३७८६५२	३००३५५३१	६२२७६२२४	१६१८०४३
आ.व २०८३/०८४ को अनुमानित	६२५६००००	५३९१८००००	५३५८१८०००	६९३८००००	५३२१००००	१२४३४०००



संचालक समितिको तर्फबाट अध्यक्ष श्री महेन्द्र अधिकारीबाट प्रस्तुत आर्थिक बर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन

शेयर सदस्य महानुभाबहरू,

हाम्रो गौरव सहकारी संस्थाको १९औ वार्षिक साधारणसभामा भागलिन आउनु भएका सम्पूर्ण शेयर सदश्य महानुभाबहरू एवं अतिथिज्यूहरूमा संचालक समिति तथा मेरो ब्यक्तिगत तर्फबाट स्वागत गर्दछु । यहाँहरू समक्ष छलफलका लागि आर्थिक बर्ष २०८२।०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाँउदा मलाई अत्यन्त खुसी लागे को छ । यहाहरूबाट विगत बर्षहरूमा जस्तै सल्लाह सूझाव र मार्ग निर्देशन प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

१. बिगत आर्थिक बर्षको समिक्षा:

सहकारी संस्थाले नयाँ बचत योजनाहरू संचालनमा ल्याउन र उत्पादन मूलक क्षेत्रमा कर्जा प्रबाह गर्न यस वर्ष चुनौति रहेको महसुश गरिएको छ । अहिलेको सबैभन्दा ठुलो र ब्यवहारिक चुनौती भने को कमजोर कर्जा माग र बढ्दो निष्कृय कर्जाको ब्यवस्थापन नै हो । सहकारी क्षेत्रको समस्या घर जग्गा र निर्माण क्षेत्रको सिथिलता तथा साना र मझौला ब्यवसायीहरूको नगद प्रवाहमा आएको अवरो धले गर्दा ऋणीको साँवा ब्याज तिर्ने क्षमता कमजोर बनेको छ । बैंकिङ्ग प्रणालीमा अधिक तरलता र ऐ तिहाँसिक रूपमा न्यून ब्याजदर भएपनि सिथिल अर्थतन्त्र सदस्यहरूको ब्यवसाय स्थापना र संचालनमा आत्मविश्वासको कमीले न्यून कर्जा मागका कारण कर्जा बिस्तार हुन सकेको छैन । बढ्दो निष्कृय कर्जा धितो लिलाम हुन नसक्दा बढेको गैर बैकिङ्ग सम्पत्ती र पुँजी कोष माथिको दवाव सहकारी क्षेत्रका प्रमुख चुनौती बनेका छन् । अर्थतन्त्र चलायमान बनाउन सरकारले पुँजीगत खर्च बढाउने र सहकारीलाई हेर्ने दृष्टिकोणलाई परिवर्तन गर्न आवश्यक छ । पुराना ऋणीहरूवाट ऋण अशुल गर्न कठिनाई भई रहेकोछ । सहकारी संस्थाले वित्तीय क्षेत्रमा देखिएको प्रतिस्पर्धा, ग्राहकहरूको चाहनामा भएको बिस्तार एवं शेयर सदस्य महानुभाबहरूको चाहनालाई मध्येनजर गरी थप सेवा सुबिधा प्रदान गर्दै जाने लक्ष्य लिएको जानकारी गराउँदछु ।

२. लेखा सुपरीवेक्षण समितिबाट भए गरेका काम कार्यवाही:

लेखा सुपरीवेक्षण समितिले नियमित रूपमा संस्थाको आन्तरीक लेखा परीक्षण गरी सो को प्रतिबेदन संचालक समितिमा छलफल गरी कार्यान्वयन गराउने गरिएकोछ । यसबाट सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणाली चुस्त बनाउन सहज पुगेकोछ । आन्तरिक नियन्त्रणका लागि आवश्यक विनियम, निर्देशिका, नीति र कार्यविधिहरू तैयार गरीएको र सोही अनुरूप संस्था संचालनमा रहेको छ । लेखा सुपरीवेक्षण समितिको छुटटै प्रतिवेदन यस सम्मानित सभामा पेश हुनेनै छ ।

३. बाह्य लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया :

सहकारी संस्थाको आ.ब. २०८२।०८३ को लेखा परिक्षण कार्य पौडयाल प्रज्वल एण्ड एसोसियटस्, चाटर्ड एकाउण्टेण्टबाट सम्पन्न भएको हो र यस वर्षबाट NFRS विधि अनुरूप लेखा परिक्षण भएको छ । बाह्य लेखा

परीक्षकबाट प्राप्त प्रारम्भिक प्रतिवेदनका कैफियत र सूझावहरूलाई नियमित रूपमा छलफल गर्ने गरिएकोछ र सोको आधारमा कमी कमजोरीहरू सुधार गर्दै लैजाने प्रणाली अवलम्बन गरिएको छ । लेखा परिक्षकबाट लेखा परिक्षणको शिलशिलामा सहकारी संस्थाको विनियम नीति कार्यविधि निर्देशन तथा प्रचलित कानुन विपरित कार्य गरेका टिप्पणीहरू उल्लेख भएको पाईदैन । वाह्य लेखा परिक्षकबाट प्राप्त लेखा परिक्षण प्रतिवेदन शेयर धनी महानुभावहरू समक्ष प्रस्तुत छ ।

४. सम्पत्ति शुद्धीकरण निवारण तर्फका कार्यहरूको कार्यान्वयनको अवस्था :

सहकारी विभागबाट सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ बमोजिमका निर्देशनहरूको यस सहकारी संस्थाबाट कार्यान्वयन भएकोछ । सहकारी संस्थाका अधिकृत स्तरका कर्मचारीलाई सूचना अधिकारी तोकी तोकिए बमोजिमका सूचनाहरू नियमित रूपमा पेश गरिएको छ ।

५. प्रस्तावहरु

क) आर्थिक बर्ष २०८२।०८३ को वार्षिक प्रतिवेदन सहित विषयसूचिमा उल्लेख प्रस्तावहरू पारित गरिदिन अनुरोध गर्दछु ।

ख) आ. ब. २०८३।०८४ का लागि लेखा परीक्षक नियूक्त गर्न र नीजको पारीश्रमिक तोक्न प्रस्ताव गर्दछु ।

ग) संस्थाका लागि आवस्यक नीति कार्यविधि स्वीकृतिका लागि प्रस्ताव गर्दछु ।

घ) आ.व. २०८२/०८३ मा संस्थाका ऋणी सदश्यहरूलाई ब्याज तथा हर्जनामा छुट प्रदान गरिएको हुँदा स्वीकृतिका लागि प्रस्ताव गर्दछु ।

ङ) ऋणीले ऋण लिदाका बखत राखेको धितो निजले ऋण नतिरेको कारण धितो सकार गरिएको छ । संचालक समितिले गरेको निर्णय अनुमोदन गरिदिन प्रस्ताव गर्दछु ।

च) लामो समय सम्म ऋण नतिर्ने ऋणी र सोसँग सम्बन्धित ब्यक्तिहरू लाई ऋण अशुलीका लागि आवश्यक कानुनी कार्यवाही गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्न समेत प्रस्ताव गर्दछु ।

६. कृतज्ञता ज्ञापन:

अन्तमा, यस सहकारी संस्थाको संचालनमा सहकारी रजिष्ट्रारको कार्यालय, आन्तरिक राजश्व कार्यालय पोखरा, यस क्षेत्रका सरकारी तथा गैर सरकारी संघ संस्था, स्थानिय निकाय एवं अन्य सम्पूर्ण निकायहरूबाट प्राप्त रचनात्मक सूझाव र सहयोगका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । हामीलाई बिश्वास गरी उत्साहजनक सहभागिता दर्शाउनुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरू, सेवाग्राही, शुभेच्छुक साथै अन्य सहयोगीहरूमा हार्दिक धन्यबाद टक्रयाउँदछु । सहकारी संस्थाका तपाई शेयर सदस्यहरूबाट सहकारी संस्थाको बिबिध कार्यहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्राप्त अमुल्य सहयोगका लागि संचालक समितिका तर्फबाट हार्दिक आभार ब्यक्त गर्दछु । सहकारी संस्थाको संचालनमा अमूल्य सूझाव र सल्लाह दिनुहुने सल्लाहकारज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरू, उप समितिका सदस्यज्यूहरू र लगनशिल भई योगदान पुऱ्याउनु हुने सम्पूर्ण कर्मचारीहरू प्रति समेत हार्दिक धन्यबाद ब्यक्त गर्दछु ।

धन्यबाद । जय सहकारी जय हाम्रो गौरव ।

संचालक समितिको तर्फबाट सचिव श्री चन्द्रकान्त देवकोटाद्वारा प्रस्तुत आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन तथा आ.व. २०८३/०८४ का लागि प्रस्तावित नीति तथा कार्यक्रम

आदरणीय उपस्थित शेयर सदस्यज्यूहरू

"सुशासनयुक्त दिगो सहकारी र सुखी सदस्य" भन्ने सहकारीको मूल मन्त्रलाई स्थापित गर्दै यस हाम्रो गौरव साकोसले आफ्नो १८औं बसन्तहरू सफलतापूर्वक पार गरेको छ । आजको यस अवस्थासम्म ल्याउन सहयोग पुऱ्याउनु हुने संस्थाका सम्पूर्ण अग्रजहरू, नियामक निकाय, सरोकारवाला पक्ष र सम्पूर्ण शेयर सदस्यज्यूहरूमा संचालक समितिको तर्फबाट तथा ब्यक्तिगत तर्फबाट पनि हार्दिक आभार एवम् कृतज्ञता प्रकट गर्दछु ।

यो वर्ष पनि अघिल्ला वर्षहरूमा झैं भोग्नु परेको आर्थिक संकट कायमै रह्यो । तथापि विभिन्न आरोह अवरोहका बिच पनि आफ्नो जिम्मेवारीलाई आत्मसात गर्दै हाम्रो ज्ञान, सिप र क्षमताले भ्याएसम्म यो संस्था र हाम्रा शेयर सदस्यहरूको हक, हित, विकास र प्रगतिका लागि अहोरात्र खटिई कार्य गर्दै आईरहेको कुरा अवगत नै छ । आउँदा दिनहरू मा पनि विगतका दिनहरू भन्दा अझ बढी मेहनत र लगनका साथ कार्य सम्पन्न गरी यो संस्थालाई अझ बढी उचाईमा लगिनेछ भनी यस गरिमामय सभामा यहाँहरू बिच थप विश्वास दिलाउन चाहन्छौं ।

आदरणीय महानुभावहरू

अब म यहाँहरू समक्ष आ.व. २०८२/०८३ मा संस्थाका समिति र उपसमितिहरूले सम्पन्न गरेका बैठकहरूको संख्या जानकारी गराउन चाहन्छु ।

क्र. सं.	विवरण	बैठक संख्या	कैफियत
१	संचालक समिति बैठक	१७	
२	सयूक्त बैठक	४	
३	लेखा सुपरिवेक्षण समितिबैठक	४	
४	ऋण उपसमिति बैठक	१४	
५	शिक्षा उपसमिति बैठक	३	

नोटः संचालक समितिले १७ वटा बैठक पुरा गरे तापनि संस्थाको नीति नियम अनुसार १५ वटा बैठक भन्दा बढीको भत्ता नलिने नीति अवलम्बन गरेको छ ।

आदरणीय शेयर सदस्यज्यूहरू,

अब म यस गरिमामय सभा समक्ष आ.व. २०८२/०८३ मा संचालक समितिले विभिन्न मितिमा सम्पन्न गरेका बैठकका मुख्य मुख्य निर्णयहरू बुँदागत रूपमा जानकारी गराउन चाहन्छु ।

क्र.सं	बैठक संख्या	मिति	निर्णय अनुसारका बुँदाहरु
१	३७	२०८२/०४/२३	१. १८औं वार्षिक साधारणसभा सम्बन्धमा । २. आ.व. २०८१/०८२ को वार्षिक लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा । ३. आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा । ४. कर्मचारी अस्थायी नियुक्ति, पदस्थापन तथा सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धमा । ५. कर्मचारीहरूको सेवा सुविधा सम्बन्धमा ।

क्र.सं	बैठक संख्या	मिति	निर्णय अनुसारका बुँदाहरु
२	३८	२०८२/०५/१६	१. वार्षिक समिक्षा सम्बधमा । २. ऋण असुली सम्बन्धमा । ३. १८औं वार्षिक साधारणसभाको तयारी सम्बन्धमा । ४. संस्थागत प्रतिवेदनहरू सम्बन्धमा ।
३	३९	२०८२/०५/२५	१. १८औं वार्षिक साधारणसभा स्थगित सम्बन्धमा । २. आ.व. २०८१/०८२ को शेयर लाभांश रकम वितरण सम्बन्धमा ।
४	४०	२०८२/०६/०५	१. विजया दशमी तथा शुभ दीपाली २०८२ को शुभकामना आदान/प्रदान सम्बन्धमा । २. मासिक समिक्षा सम्बन्धमा । ३. १८औं वार्षिक साधारण सभाको मिति पुनः तय गर्ने सम्बन्धमा । ४. कर्जा असुली सम्बन्धमा ।
५.	४१	२०८२/०७/१७	१. प्रथम त्रैमासिक समिक्षा सम्बन्धमा । २. १८औं वार्षिक साधारणसभाको तयारी सम्बन्धमा । ३. सहकारी सम्बन्धि समसामयिक विषयमा छलफल सम्बन्धमा । ४. विविध ।
६	४२	२०८२/०७/२६	१. धितो सकार सम्बन्धमा । २. धितो फुकुवा एवम् रजिष्ट्रेसन दाखिला खारेज सम्बन्धमा । ३. १८औं वार्षिक साधारणसभाको समिक्षा सम्बन्धमा । ४. १८औं वार्षिक साधारणसभाको खर्च अनुमोदन सम्बन्धमा । ५. कर्जा असुल सम्बन्धमा ।
७.	४३	२०८२/०८/०४	१. मासिक समिक्षा सम्बन्धमा । २. धितो लिलाम सम्बन्धमा । ३. कर्जा असुली सम्बन्धमा ।
८	४४	२०८२/०८/१०	१. कर्जा असुली सम्बन्धमा । २. सहकारीको समसामयिक विषयहरूमा छलफल सम्बन्धमा ।
९.	४५	२०८२/०९/०९	१. ब्याजदर परिवर्तन सम्बन्धमा । २. प्रभु म्यानेजमेन्ट विरूद्ध किटानी जाहेरी दिने सम्बन्धमा । ३. अख्तियारी दिने सम्बन्धमा । ४. धितो सकार सम्बन्धमा । ५. धितो फुकुवा एवम् रजिष्ट्रेसन दाखिल खारेज सम्बन्धमा । ६. ऋण असुली सम्बन्धमा । ७. ऋण लगानी सम्बन्धमा । ८. कालो सूचिमा राख्ने सम्बन्धमा । ९. संस्थाको मोटरसाइकल नामसारी गरिदिने सम्बन्धमा । १०. ब्यानर प्रायोजन सम्बन्धमा ।
१०.	४६	२०८२/१०/०६	१. मासिक समिक्षा सम्बन्धमा । २. ऋण लगानी सम्बन्धमा । ३. कर्जा असुली सम्बन्धमा ।
११.	४७	२०८२/१०/२६	१. ब्याज छुट सम्बन्धमा । २. ऋण लगानी सम्बन्धमा ।
१२.	४८	२०८२/१२/०७	१. अर्धवार्षिक समिक्षा एवम् प्रगति विवरण प्रतिवेदन सम्बन्धमा । २. राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखीकरण सम्बन्धमा । ३. कर्जा सूचना केन्द्रको सदस्यता लिने सम्बन्धमा । ४. ब्याज छुट सम्बन्धमा । ५. ऋण असुली सम्बन्धमा । ६. सहकारीको समसामयिक विषयमा छलफल सम्बन्धमा ।

क्र.सं	बैठक संख्या	मिति	निर्णय अनुसारका बुँदाहरु
१३.	४९	२०८३/०१/१०	१. मासिक समिक्षा सम्बन्धमा । २. ऋण असुली सम्बन्धमा । ३. मोवाइल बैकिङ्ग सेवा सम्बन्धमा । ४. मुद्दती खाता संचालन सम्बन्धमा । ५. खाता संचालक परिवर्तन सम्बन्धमा । ६. ब्याज दर परिवर्तन सम्बन्धमा ।
१४	५०	२०८३/०२/०५	१. मासिक समिक्षा सम्बन्धमा । २. ऋण लगानी सम्बन्धमा । ३. ऋण असुली सम्बन्धमा । ४. विविध सम्बन्धमा ।
१५	५१	२०८३/०३/०५	१. मासिक समिक्षा सम्बन्धमा । २. ऋण लगानी सम्बन्धमा । ३. ऋण असुली सम्बन्धमा । ४. धितो सकार रद्द गरिएको सम्बन्धमा । ५. ब्याज दर परिवर्तन सम्बन्धमा ।
१६.	५२	२०८३/०३/०८	१. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा । २. आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा । ३. संस्थाको ऋण लगानी नीति २०७९ परिमार्जन सम्बन्धमा । ४. ब्याज छुट सम्बन्धमा । ५. बाँकी ऋण असुली सम्बन्धमा ।
१७	५३	२०८३/०३/३१	१. ऋण लगानी तथा असुली सम्बन्धमा । २. ब्याज रकम छुट सम्बन्धमा । ३. धितो परिवर्तन सम्बन्धमा । ४. विविध ।

आदरणीय महानुभावहरू

अब म आ. व. २०८२/०८३ मा संस्थागत निर्णय गरी सम्पन्न गरिएका मुख्य मुख्य संस्थाका गतिविधिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- ❑ ६९औं अन्तराष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा जिल्ला सहकारी संघद्धारा आयोजित सभागृहमा सम्पन्न भएको कार्यक्रममा सहभागिता जनाई साँझ संस्थाको कार्यालयमा द्धीप प्रज्वलन गरियो ।
- ❑ विभिन्न मितिमा मासिक, त्रैमासिक, अर्धवार्षिक समिक्षा गर्दै नीति तथा कार्यक्रम सहितको वार्षिक बजेट तर्जूमा तथा समिक्षा बैठक सम्पन्न गरियो ।
- ❑ वि.सं. २०८३ सालको क्यालेण्डर छपाई गरी शेयर सदस्य तथा शुभचिन्तकहरूलाई वितरण गरियो ।
- ❑ नियमित बचत र उच्च बचतको आधारमा १५ जना र नियमित किस्ता र ब्याजको आधारमा उत्कृष्ट १० जना गरी जम्मा २५ जना उत्कृष्ट शेयर सदस्यहरूलाई सम्मान गरियो ।
- ❑ ८० वर्ष उमेर पुरा हुन भएका र समाजमा अरूलाई अहित हुने खालका कुनैपनि कार्य नगरेका ३ जना जेष्ठ शेयर सदस्यहरूलाई सम्मान गरियो ।
- ❑ यस संस्थाका शेयर सदस्यहरू वा उनका सन्ततीहरू जसले कुनैपनि विधामा विद्यावारिधी गर्नु भएकाहरू मध्येबाट २ जना शेयर सदस्यहरूलाई सम्मान गरियो ।
- ❑ संस्थाका शेयर सदस्यहरूलाई सहकारी अध्ययन अवलोकन भ्रमणको आयोजना गरियो ।
- ❑ अन्तर सहकारी संघ/संस्था अन्तरक्रिया कार्यक्रम अन्तर्गत तनहूँ जिल्लाको ब्यास-३ दमौली स्थित ब्यास बचत तथा ऋण सहकारी संस्था लि. सँग एक दिवसीय अन्तरक्रिया/छलफल कार्यक्रम सम्पन्न गरियो ।

- ❑ शेयर सदस्यहरूलाई एक दिवसीय सहकारी शिक्षा प्रदान गर्ने कार्यक्रम सम्पन्न गरियो ।
- ❑ जिल्ला सहकारी संघ, बचत संघ, नेफ्सकुन र राष्ट्रिय सहकारी बैंकद्धारा आयोजित विभिन्न मिति र शिर्षकमा तय भएका तालिम तथा गोष्ठीहरूमा संचालकहरू र कर्मचारीहरूको उल्लेख्य सहभागिता रह्यो ।
- ❑ भाखा नाघेका ऋणीहरूलाई विभिन्न माध्यम र भेटघाटबाट ताकेता गर्दै अटेरी गर्ने ऋणी सदस्यहरूलाई कालो सूचिमा राख्ने प्रक्रिया अगाडि बढाईएको छ भने केही ऋणीहरूलाई कानुनी दायरामा ल्याई ऋण असुल उपर गर्ने काम भयो ।
- ❑ बाह्य वातावरणको अध्ययन गरी समय र आवश्यकता अनुसार बेला बेलामा सेवाहरूको ब्याज दर परिवर्तन गरियो ।
- ❑ आपसी सहयोग कोषबाट वितरण गरिदै आएको सहयोग कार्यक्रमलाई जिवितै र मरणोप्रान्त निरन्तरता दिईयो ।
- ❑ कारोवारको आधारमा वितरण गरिदै आएको संरक्षित पुँजी फिर्ता कोष कार्यक्रमलाई निरन्तरता दिईयो ।
- ❑ विभिन्न धार्मिक तथा सामाजिक कार्यक्रमहरूमा संस्थाको तर्फबाट न्यूनतम् आर्थिक सहयोग सहित उल्लेख्य सहभागिता जनाईयो ।

सदस्य प्रोत्साहन कार्यक्रम

आदरणिय शेयर सदस्यहरूसँग हातेमालो गर्दै "दु:खमा पनि सहकारी र सुखमा पनि सहकारी" भन्ने हाम्रो संस्थाको ध्ययेलाई मध्ये नजर गर्दै संस्थालाई सदस्यमय बनाउनका लागि विगतका वर्षहरू देखि नै सदस्य प्रोत्साहन भत्ता र मृत्युमा दिइने राहत सुविधा कार्यक्रम अनुसार यस आ. व. मा तपशिल बमोजिम सेवा तथा राहत प्रदान गरियो।

क्र.सं	कार्यक्रमको विवरण	संख्या	संस्थाको लागत	कैफियत
१	समवेदना तथा भेटी प्रदान	४ जना	२०००/-	
२	आपसी सहयोग कोषबाट सहयोग/राहत प्रदान	जिवितै:- १ जना	१५,०००/-	आरती ओझा (एकान्तकुना)
		मरणोप्रान्त:- ५ जना	१४५०००/-	-

आदरणिय शेयर सदस्यज्युहरू

अब म यस आ. व. २०८३/०८४ का लागि तर्जुमा गरिएका प्रस्तावित कार्यक्रम गरिमामय सभामा अनुमोदनका लागि पेश गर्ने अनुमति चाहन्छु ।

- ❑ विजया दशमी तथा शुभ दिपावली २०८३ को उपलक्ष्यमा शुभकामना आदान प्रदान गर्ने ।
- ❑ संस्थाका नीति नियमहरूसँग सम्बन्धित रही संचालकहरू, कर्मचारीहरू र शेयर सदस्यहरूलाई तालिम/प्रशिक्षण संचालन गर्ने ।
- ❑ संचालक तथा कर्मचारीहरूलाई विभिन्न संघ संस्थाबाट प्रदान गरिने सशुल्क तथा निशुल्क तालिम र गोष्ठीहरूमा सहभागी गराउने ।
- ❑ संस्थाका संचालक र कर्मचारीहरूलाई सम्पत्ति शुद्धिकरण सम्बन्धि तालिम संचालन गर्ने ।
- ❑ सहकारी ऐन, नियमावली, बिभागले जारी गरेका निर्देशन, संस्थाका नीति तथा विनियमहरूलाई पूर्ण पालना गर्ने, गराउने ।

- संस्थामा आवद्ध उत्कृष्ट बचत तथा ऋणी सदस्यहरूलाई सहकारी अध्ययन, अवलोकन भ्रमण आयोजना गर्ने।
- ७०औं राष्ट्रिय सहकारी दिवस मनाउने ।
- अन्तर सहकारी संघ/संस्था अन्तरक्रिया गर्ने ।
- संस्थाले बिभिन्न संघ/संस्थाहरूसँग सहकार्य गरी सामाजिक कार्यक्रमहरू गर्ने ।
- मोवाइल बैंकिङ्ग र एस.एम.एस. सेवा सबै शेयर सदस्यहरूको पहुँचमा पुऱ्याई रेमिट्यान्स लगायतका सेवाहरूबाट सदस्यहरूलाई छिटो छरितो सेवा प्रदान गर्ने ।
- उत्पादनमूलक ब्यवसाय र सो को प्रवर्धनका लागि सहुलियत दरमा ऋण उपलब्ध गराई उत्पादमा जोड दिने।
- वि.सं. २०८४ सालको क्यालेण्डर छपाई तथा वितरण गर्ने ।
- संस्थालाई आवश्यक परेमा अन्य संघ/संस्थाबाट ऋण लिन सक्ने ।
- संस्थालाई आवश्यक परेमा घर/जग्गा खरिद/बिक्रि गर्न सक्ने ।
- शेयर सदस्यहरू वृद्धिका लागि आवश्यक पहल गर्ने ।
- संस्थाको १९औं वार्षिकोत्सव कार्यक्रम विविध कार्यक्रम सहित सम्पन्न गर्ने ।
- बचत तथा ऋणको सन्तुलन कायम गर्दै, वित्तीय बजारको अवस्था, बैंक तथा अन्य सहकारीहरूको ब्याजदर र संस्थाको तरलतालाई मध्येनजर गर्दै समयसापेक्ष ब्याज दर परिमार्जन गरी लागु गर्ने ।
- ऋणी सदस्यहरूलाई बिभिन्न माध्यमबाट ताकेता गरी निर्धारित समयमा ऋण असुल/उपर गर्ने, यदि निर्धारित समय र सूचनालाई बेवास्था गरेको पाईएमा कानुनी दायरामा ल्याई ऋण असुल उपर गर्ने गरी यो आ.व. लाई पनि ऋण असुली वर्षकै रूपमा मनाउने ।
- २०औं वार्षिक साधारणसभाको तयारी तथा सम्पन्न गर्ने ।
- ८० वर्ष उमेर पुरा हुनु भएका र समाजमा अरूलाई अहित हुने खालका कुनैपनि कार्य नगरेका जेष्ठ शेयर सदस्यहरू (पछिल्ला वर्षहरूमा सम्मानित हुनु भएका वाहेक) लाई सम्मान गर्ने ।
- नियमित बचत र उच्च बचतका आधारमा उत्कृष्ट १५ जना र नियमित किस्ता र ब्याज तिर्ने ऋणी शेयर सदस्यहरू मध्येबाट १० जना गरी बढीमा २५ जनालाई वार्षिक साधारण सभाको दौरान सम्मान गर्ने।
- यस संस्थामा आवद्ध शेयर सदस्यहरू या उनका सन्ततिहरू कुनै पनि विधामा विद्यावारिधी उतिर्ण गर्नु भएका (जो पछिल्लो वर्षहरूमा सम्मानित हुनुभएका वाहेक) लाई सम्मान गर्ने ।
- आपसी सहयोग (आ. स.) कोषबाट वितरण गरिदै आएको कार्यक्रमलाई आपसी सहयोग कोषको संशोधित निति अवलम्बन गर्दै जीवितै या मरणोप्रान्त संचालक समिति/उप समितिको निर्णय अनुसार जीवितै या मरणोप्रान्त निरन्तरता दिने ।
- पोखरा म.न.पा. वडा नं. ३० अन्तरगत मा.वि. तह (संस्थागत तथा सामुदायिक) कक्षा १२ सम्मका विद्यार्थीहरूलाई समेटी सहकारी सम्बन्धी निबन्ध या वक्तृत्वकला प्रतियोगिता आयोजना गर्ने ।
- ऋण असुलीको दौरान ऋणी सदस्यहरूको सम्पत्ति लिलाम बिक्रीको लागि सम्पूर्ण प्रक्रिया पुरा गर्दा पनि बिक्री हुन नसकी संस्थाले सकार गरेको सम्पत्ती (धितो) लाई यथासक्दो छिटो बिक्रीका लागि पहल गर्ने र गरेको पहलको प्रक्रियालाई लिखित रूपमा संस्थाको अभिलेखमा राख्ने ।
- थप धितो कार्यविधि तयार गरी भाखा नाघेका ऋणी सदस्यहरूसँग धितो थपको लागि आवश्यक

पहल/प्रक्रिया अगाडि बढाउने ।

- ❑ संरक्षित पूँजि फिर्ता कोष कार्यक्रमलाई कारोवारको आधारमा निरन्तरता दिने ।

संक्षेपिकरण र धन्यवाद ज्ञापन :

आदरणिय शेयर सदस्य महानुभावहरु, हरेक सदस्य समृद्धि, अनुशासित, नीति र विधिप्रति प्रतिवद्ध भएमात्र संस्था बलियो हुनेमा दुईमत रहदैन, साथै बलियो संस्थाले मात्र सदस्यहरूको संरक्षण गर्न सक्ने भएकोले वित्तीय रूपमा सवल र दीगो संस्था विकासमा सबैको प्रयासलाई एकिकृत गर्न संस्थाको नेतृत्व सदैव प्रयासरत रहनेछ । अतः हामी सबै सदस्यको हित र संस्थाको दीगो विकासमा रहेको हुँदा आफ्नै संस्थाबाट भरपुर लाभ लिन म सम्पूर्ण शेयर सदस्यज्यूहरूमा हार्दिक अपिल गर्दछु । हामीले विगत लामो समयदेखि गरिएका सहकारीका सिद्धान्त, मूल्य, मान्यता र असल अभ्यासहरूको कार्यान्वयनले गर्दा संस्थाका वित्तीय सूचकहरू अझैपनि निकै राम्रो रहेको कुरा यहाँहरू माझ राख्न चाहन्छु । साथै विगतका अभ्यासहरूलाई थप मूल्यांकन गर्दै भविष्यमा आउन सक्ने चुनौतीहरूसँग जुध्न संस्थाको रणनीतिक योजनालाई थप संयमित र योजनावद्ध तरिकाले अगाडि बढाउनु पर्ने देखिन्छ ।

अन्तमा, हाम्रो निम्तालाई स्वीकार्दै अन्तिमसम्म बसी यो प्रतिवेदन श्रवण गरिदिनु भएकोमा यस कार्यक्रमका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरू, मिडियाकर्मी साथीहरू, शेयर सदस्यज्यूहरू लगायत उपस्थित सम्पूर्ण शुभचिन्तकज्यूहरूमा हार्दिक धन्यवाद सहित कृतज्ञता प्रकट गर्दछु । चालु वर्षहरूमा समेत यहाँहरूको यस्तै साथ र सहयोगको लागि अपेक्षा पनि गर्दछु ।

धन्यवाद । जय सहकारी, जय हाम्रो गौरव ।

संचालक समितिको तर्फबाट कोषाध्यक्ष श्री नगेन्द्र प्रसाद रेग्मीद्वारा प्रस्तुत आ.व. २०८२/०८३ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८३/०८४ का लागि प्रस्तावित वार्षिक बजेट

सम्पूर्ण शेयर सदस्यज्यूहरू,

संस्थाको १९औं वार्षिक साधारण सभामा सर्वप्रथम यहाँहरू सबैलाई हार्दिक स्वागत गर्दछु । संस्थाको सम्पूर्ण आर्थिक कारोवार पौडेल एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्डबाट लेखा परिक्षण गराई चुस्त, दुरूस्त तयार पारिएको आर्थिक वर्ष २०८२/०८३ को आर्थिक प्रतिवेदन यसैसाथ संलग्न गरिएको छ ।

संस्थाको आ.व. २०८२/०८३ को वास्तविक आम्दानी र खर्चको आधारमा आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आम्दानी र खर्चलाई निम्नानुसार प्रस्तुत गर्न अनुमति चाहन्छु ।

विवरण	आ.व. २०८२/०८३ वास्तविक	आ.व. २०८३/०८४ अनुमानित
शेयर पुँजी	६,११,४६,५००/-	६,२५,६०,०००/-
बचत	५५,६८,८२,७५९/-	५३,९१,८०,०००/-
बाँकी कर्जा	५०,०३,७८,६५२/-	५३,५८,१८,०००/-
स्थिर सम्पत्ती	३,००,३५,५३१/-	६,९३,८०,०००/-
आम्दानी	६,२२,७६,२४४/-	५,३२,१०,०००/-
खर्च	४,११,७६,०२२/-	४,०६,७७,०००/-

आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तावित वित्तीय लक्ष्य तथा बजेटः

शेयर पुँजीः यस आ.व. २०८३/०८४ को अन्त्यसम्ममा शेयर पुँजीतफ रू. ६ करोड ११ लाख ४६ हजारबाट बृद्दि गरी रू. ६ करोड २५ लाख ६० हजारमा सिमित गर्ने लक्ष्य राखिएको छ ।

बचत संकलनः यसरी नै बचत संकलनतर्फ यस आ.व. को अन्त्यसम्ममा ५५ करोड ६८ लाख ८२ हजारबाट रू. ५३ करोड ९१ लाख ८० हजारमा सिमित गर्ने लक्ष्य राखिएको छ । हालको अवस्था विद्यमान रहिरहेमा बचत संकलन कार्यमा जोड दिईनेछैन ।

आम्दानी खर्चः आम्दानीतर्फ यस आर्थिक वर्षको अन्त्यसम्ममा रू. ६ करोड २२ लाख ७६ हजारबाट रू ५ करोड ३२ लाख १० हजार पुग्नेछ । यस आर्थिक वर्षको अन्त्यसम्मको खर्च रू. ४ करोड ११ लाख ७६ हजारलाई रू. ४ करोड ६ लाख ७७ हजारमा सिमित राख्ने लक्ष्य राखिएको छ ।

ऋण लगानीतर्फः यस आर्थिक वर्ष २०८३/०८४ को अन्त्यसम्ममा रू. ५० करोड ३ लाख ७६ हजारबाट बृद्दि गरी रू. ५३ करोड ५८ लाख १८ हजार ऋण लगानीमा रहनेछ ।

आर्थिक वर्ष २०८२/०८३ को अनुमानित वित्तीय लक्ष्य, वास्तविक वित्तीय प्रगति र आ.व. २०८३/०८४ का लागि प्रस्तावित बजेट

क. बचत सङ्कलन तर्फ

बचतका प्रकार	प्रस्तावित (२०८२/०८३)	वास्तविक(२०८२/०८३)	प्रस्तावित (२०८३/०८४)
साधरण बचत	१५९,४४५,०००	१५१,५७८,८४३	१५३,७४४,०००
शेयर सदस्य मासिक बचत	७९,८००,०००	८०,६२५,११६	३९,७९८,०००
आवधिक बचत	२९२,५१०,०००	३२४,६७८,८००	३४१,६४८,०००
जम्मा	५३१,७५५,०००	५५६,८८२,७५९	५३५,१९०,०००

ख. आम्दानीतर्फः

ब्याज आम्दानी

शीर्षकहरु	प्रस्तावित (२०८२/०८३)	वास्तविक(२०८२/०८३)	प्रस्तावित (२०८३/०८४)
कर्जा लगानीबाट ब्याज आम्दानी	७७,६००,०००	५९,९१९,१४९	५०,७५०,०००
बैंक ब्याज आम्दानी	१,०३०,०००	३६८,५४९	२५०,०००
जम्मा	७८,६३०,०००	६०,२८७,६९८	५१,०००,०००

अन्य आम्दानीः

शीर्षकहरु	प्रस्तावित (२०८२/०८३)	वास्तविक(२०८२/०८३)	प्रस्तावित (२०८३/०८४)
शेयर लाभांश आम्दानी	१६८,०००	४,१२४	४०,०००
प्रवेश शुल्क	२५,०००	२०,५००	२७,०००
सेवा शुल्क	३,१४०,०००	१,७५१,०५२	१,७२०,०००
एस.एम.एस.कमिसन	३,०००	१,०३४	३,०००
एस.एम.एस.सुबिधा बापत शुल्क	३७,०००	२८,६००	४०,०००
फारम शुल्क	८५,०००	३५,८००	६०,०००
अन्य आय	२५०,०००	१४७,४१७	३२०,०००
जम्मा	३,७०८,०००	१,९८८,५२७	२,२१०,०००

ग. खर्चतर्फः

ब्याज खर्च

शीर्षकहरु	प्रस्तावित (२०८२/०८३)	वास्तविक(२०८२/०८३)	प्रस्तावित (२०८३/०८४)
बचतमा ब्याज खर्च	४५,१००,०००	३५,०१७,९७०	३३,८३५,०००
जम्मा	४५,१००,०००	३५,०१७,९७०	३३,८३५,०००

कर्मचारी खर्च

शीर्षकहरु	प्रस्तावित (२०८२/०८३)	वास्तविक(२०८२/०८३)	प्रस्तावित (२०८३/०८४)
कर्मचारी तलब खर्च	२,०७६,०००	२,११०,६८०	२,०७६,०००
कर्मचारी भत्ता	७९५,०००	७५७,२४८	६८४,०००
दशै भत्ता	१७३,०००	१७५,८९०	२५३,०००
पोशाक भत्ता	१००,०००	०	८०,०००
सामाजिक सुरक्षा कोषको खर्च	४१५,०००	३९२,८५६	४३५,०००
जम्मा	३,५५९,०००	३,४३६,६७४	३,५२८,०००

प्रशासनिक खर्च

शीर्षकहरु	प्रस्तावित (२०८२/०८३)	वास्तविक(२०८२/०८३)	प्रस्तावित (२०८३/०८४)
टेलिफोन तथा संचार खर्च	२१,०००	३५,९००	४६,०००
छपाई तथा स्टेशनरी	१५६,०००	११३,६९०	१४५,०००
पत्रपत्रिका खर्च	५,०००	२,२६०	४,०००
प्रचार प्रसार खर्च	५,०००	०	५,०००
घरभाडा खर्च	४६२,०००	४६९,३९२	४८०,०००
विधुत तथा पानी खर्च	७५,०००	६४,६२०	७०,०००
मर्मत संभार खर्च (साधन)	६,०००	२,४५०	१०,०००
मर्मत संभार खर्च (कार्यालय सम्पत्ति)	११४,०००	४४,२००	७०,०००
सदस्यता शुल्क खर्च	५,०००	६,४३३	१०,०००
यातायात खर्च	३४,०००	१५,५८७	९८०,०००
अन्य कार्यालय खर्च	१८०,०००	१३५,९६८	१७०,०००
सहयोग खर्च	२०,०००	३३,४५६	५०,०००
बिमा खर्च	३५,०००	१९,६१७	३५,०००
बैठक सञ्चालन खर्च	५०,०००	३९,४२०	५०,०००
इन्धन खर्च	१०८,०००	१०७,९४४	१८०,०००
बैंक खर्च	२,०००	२,४०१	२०,०००
लेखापरीक्षण शुल्क	१६०,०००	१३०,५००	१००,०००
साधारण सभा खर्च	१,०६०,०००	९४४,०५०	३५०,०००
एस.एम.एस.कमिसन खर्च	५,०००	१,०३४	२,०००
एस.एम.एस.लिमिट खर्च	३०,०००	२२,६००	३०,०००
क्लाउड व्यवस्थापन खर्च	११०,०००	९७,१८०	११०,०००
सूटवेयर खर्च	५४,०००	४६,७८२	५५,०००
बैठक भत्ता	२७०,०००	१००,०००	१५०,०००
इन्टरनेट खर्च	२५,०००	१८,५००	२५,०००
कर्मचारी प्रशिक्षण खर्च	५०,०००	३,४००	२५,०००
तिरो तथा अन्य कर खर्च	३,०००	१७,३४७	३२,०००
मोबाइल बैंकिङ्ग एस.एम.एस खर्च	१५,०००	०	१०,०००
सदस्य नवीकरण खर्च	१५,०००	२,५००	१५,०००

कानुनी खर्च	८०,०००	०	८०,०००
सवारी साधन नवीकरण खर्च	६,०००	३,३००	५,०००
वेवसाइट खर्च	११,०००	०	११,०००
ह्रास कट्टी खर्च	३१२,५००	२८६,६४७	३६९,५००
जम्मा	३,१५५,०००	२,७६७,१७८	३,३०९,०००

(घ) पुँजी तथा दायित्वतर्फः

शीर्षकहरु	प्रस्तावित (२०८२/०८३)	वास्तविक(२०८२/०८३)	प्रस्तावित (२०८३/०८४)
सेयर पुँजी	६३,१६०,०००	६१,१४६,५००	६२,५६०,०००
कोष हिसाब	४८,४९०,०००	९,९७०,९७३	५२,४९०,०००
बचत तथा निक्षेप	५३१,७५५,०००	५५६,८८२,७५९	५३९,१८०,०००
अन्य दायित्व	३२,३७०,०००	२,४२२,४६७	२६,०९८,०००
स्थगन कर दायित्व		९९६	
कुल पुँजी तथा दायित्वत	६७५,७७५,०००	६३०,४२३,६९५	६८०,३२८,०००

(ङ) सम्पत्तीः

शीर्षकहरु	प्रस्तावित (२०८२/०८३)	वास्तविक(२०८२/०८३)	प्रस्तावित (२०८३/०८४)
नगद मौज्दात	९००,०००	१,५७४,३६१	१,५००,०००
बैंक मौज्दात	७८,०००,०००	१३०,३३४,८३२	८५,९२०,०००
सदस्यहरुलाई ऋण तथा सापट	५२२,३४०,०००	४३१,७०४,३८०	५३५,८१८,०००
वित्तीय लगानी हिसाव	२,१४१,०००	२,१४३,४००	१४१,०००
चालु कर सम्पत्ति	२,५७०,०००	६,७४९,६५२	२,०४०,०००
बिक्रिको लागि राखिएको गैर चालु सम्पत्ति	२५,९८९,०००	२५,९९०,०००	२१,३७०,०००
सम्पत्ति, संयन्त्र तथा उपकरण	३०,५९५,०००	३०,०३५,५३१	३१,४२०,०००
अन्य सम्पत्ति	१३,२४०,०००	१,८९१,५३९	२,११९,०००
कुल सम्पत्ति	६७५,७७५,०००	६३०,४२३,६९५	६८०,३२८,०००

आदरणीय शेयर सदस्यज्यूहरू,

हाल वित्तीय क्षेत्रका विद्यमान सम्भावना र चुनौतीका बिच संस्थाले सफलता हाँसिल गर्नका लागि सम्पूर्ण शेयर सदस्यहरूको अमूल्य राय, सल्लाह, सुझाव र ऐक्यवद्धताको अपेक्षा गर्दछौं । प्रस्तुत प्रतिवेदनमा वित्तीय विवरण तथा वित्तीय लक्ष्य हाँसिल गर्न यहाँहरूको अतुलनीय योगदान रहने कुरा स्मरण गराउन चाहन्छु । साथै सहकारी संस्थाका सबै गतिविधिहरू सदस्यसँग मात्र केन्द्रित रहने हुँदा शेयर सदस्यज्यूहरू संस्थाका वित्तीय तथा गैर वित्तीय कार्यक्रमहरूमा सक्रिय सहभागी हुँदा मात्र संस्थाको वृद्धि, विकास र प्रगति सम्भव छ । विगतमा संस्थाबाट शेयर सदस्यहरूलाई गरिएको ऋण लगानीको साँवा ब्याज र हर्जना असुलीमा कठिनाई भई रहेकोले असुलीका लागि निरन्तर पत्रिकामा नामावली प्रकासन गर्नु परिरहेको छ । यसले यहाँहरूको स्वाभिमानमा परेको असरको लागि क्षमा चाहन्छु साथै ऋण लगानीको समयमा

राखिएका केही घरजग्गाको मूल्य अहिलेको परिवेशमा लिलाम गर्दा पनि उक्त समयमा गरिएको लगानीको साँवा ब्याज र हर्जनाको रकम अशुल उपर गर्न नसक्ने अवस्था भएको छ । संस्थामा अधिक तरलता मौज्दात रहिरहनु बैंकमा राखिएको रकमबाट न्यून ब्याज प्राप्त हुनु, लगानी गरिएको ठुलो रकम समयमा उठन नसक्नु, हालको परिवेशमा ऋण लगानी गर्न समस्या आउनु जस्ता कारणले गर्दा यहाँहरूले सोचेजस्तो मुनाफा वितरण गर्न सकिरहेका छैनौं ।

अन्तमा, यस १९औं वार्षिक साधारण सभामा प्रस्तुत प्रतिवेदन उपर शेयर सदस्यज्यूहरूले रचनात्मक सुझाव सहित पारित गरिदिनु हुनेछ भन्ने आशाका साथ प्रतिवेदन अन्त्य गर्ने अनुमति चाहन्छु ।

धन्यवाद ।

"जय सहकारी" जय हाम्रो गौरव ।

१९ औं वार्षिक साधारण सभामा प्रस्तुत ऋण उप समितिको प्रतिवेदन
आर्थिक वर्ष २०८२/०८३

बलराम अधिकारी
संयोजक

आदरणीय सभामा उपस्थित शेयर सदस्य महानुभावहरू,

संस्थामा रहेको तरलता र शेयर सदस्यको माग लाई मध्येनजर गरी ऋण लगानी प्रक्रियालाई सरल सहज छिटो साथै प्रभावकारी बनाउदै ऋण स्वीकृत गर्ने गरिदै आएको छ । ऋण लगानिलाई प्रभावकारी बनाउनको लागि ऋण उपसमितिको बैठक आवश्यकता अनुसार बस्ने गरिएको छ । रू. दश लाख भन्दा माथिको ऋणको हकमा सूचिकृत धितोमूल्याङ्कन कर्ताको धितो मूल्याङ्कन प्रतिवेदनको आधारमा धितोबन्धक रोक्का गरी लगानी गर्ने गरिएको छ । साथै ऋण असूलीका लागि संस्थाबाट सम्पर्क, पत्राचार, व्यक्तिगत भेटघाट गर्ने ब्यवस्था मिलाईएको छ ।

ऋण लगानी/असुलीतर्फ :

यस आ.व. २०८३/०८४ मा सदस्यलाई रू. ११ करोड २० लाख ५० हजार कर्जा लगानी गरिनेछ । यसरी कुल ऋण लगानीको गणना गर्दा रू. ६४ करोड २ लाख ८९ हजार पुग्नेछ भने असुलीतर्फ रू. १० करोड ४४ लाख ७१ हजार पुग्ने अनुमान गरिएको छ । चालु आर्थिक वर्षको अन्तसम्ममा ऋण लगानी बाँकी रू. ५३ करोड ५८ लाख १८ हजारमा रहनेछ ।

प्रगती :-

१ संस्थाको मिति २०८२ साउन १ देखि २०८३ असार ३२ सम्मको कुल ऋण लगानी ८४ जनालाई रू.१४ करोड ५० लाख ९१ हजार गरिएको छ ।

२ संस्थाको मिति २०८२ साउन १ देखि २०८३ असार ३२ सम्मको ऋण असुली रू.२३ करोड ९२ लाख ३४ हजार गरिएको छ ।

३ संस्थाको मिति २०८२ असार ३२ सम्मको बाँकी कुल ऋण लगानी रू. ५० करोड ०३ लाख ७८ हजार रहेको छ ।

४. संस्थाको ऋण उपसमितिको बैठक २०८२ साउन १ देखि २०८३ असार ३२ सम्म १४ पटक बसेको छ ।

५. संस्थाको मिति २०८२ साउन १ देखि २०८३ असार ३२ सम्मको व्यक्तिगत जमानत ऋण लगानी ३७ जनालाई रू. १ करोड ६२ लाख ६६ हजार गरिएको छ ।

६. संस्थाको मिति २०८२ साउन १ देखि २०८३ असार ३२ सम्मको मुद्दती रसिद धितोमा ऋण लगानी २० जनालाई रू.१ करोड ३९ लाख ६५ हजार गरिएको छ ।

७. संस्थाको मिति मिति २०८२ साउन १ देखि २०८३ असार ३२ सम्मको घरजग्गा धितोमा विभिन्न कर्जा शिर्षक अन्तर्गत ऋण लगानी २७ जनालाई रू. ११ करोड ४८ लाख ६० हजार गरिएको छ ।

८. संस्थाको मिति २०८२ साउन १ देखि २०८३ असार ३२ सम्मको ब्याज असुली रू.५ करोड ९९ लाख १९ हजार गरिएको छ ।

अन्तमा, यहाँहरूबाट सहकारी संस्थाको कार्य संचालनमा विगत वर्षहरू जस्तै सहयोग र अमूल्य सुझावको अपेक्षा गर्दछौं । "जय सहकारी" जय हाम्रो गौरव

चन्द्र वहादुर घर्ती	निर्मल अधिकारी	बलराम अधिकारी
सदस्य	सदस्य	संयोजक

१९ औं वार्षिक साधारण सभामा प्रस्तुत
शिक्षा उप-समितिको प्रतिवेदन २०८२/०८३

तेज कुमारी शाही
संयोजक

आदरणीय शेयर सदस्य महानुभावहरू,

हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. ले १८औ बसन्त पार गरी १९ औं वसन्तमा अगाडी बढ्दै गर्दा यो लामो समयमा विभिन्न आरोह अवरोह झेल्दै यहाँ सम्म आइपुगेको छ । विश्व आर्थिक मन्दिको असर हाम्रो देशमा र हाम्रो संस्थामा पनि ठुलो असर परेको छ । यस्तो विषम् परिथितिमा पनि हाम्रो संस्थाले राम्रै उन्नति र प्रगति गर्दै अगाडि बढिरहेको हुदाँ म सम्पुर्ण सहकारी कर्मि साथिहरू, संचालक ज्युहरू, कर्मचारी मित्रहरूलाई धन्यवाद दिन चाहन्छु ।

हाम्रो संस्थाले आर्थिक वर्ष २०८२/८३ मा शिक्षा उपसमितीको संयोजकत्वमा भए गरेका कर्यक्रमहरू निम्न बमोजिम रहको जानकारी गराउन चाहन्छु ।

१) हाम्रो यस संस्थाको शिक्षा उपसमितिको २०८२/०४/०१ देखि २०८३ असार मसान्त सम्म तीन वटा बैठक सम्पन्न गरियो ।

२) मिति २०८२/१०/२७ गतेको बैठकको निर्णय अनुसार हाम्रो गौरव सहकारी संस्थाको आयोजनामा शेयर सदस्यहरूको २०८२/११/७ देखी २०८२/११/९ मा तीन दिने सहकारी अवलोकन भ्रमण सम्पन्न गरियो ।

३) मिति २०८२/१२/७ र ८ गतेको दिन हाम्रो गौरव सहकारी संस्थाको आयोजनामा तनँहु ब्यास वचत तथा ऋण सहकारी संस्थामा दुवै संस्थाका संचालक र कर्मचारीहरूको क्षमता अभिबृद्धि तालिम तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो र सोही दिनमा बन्दिपुरमा संचालक तथा सल्लाहकार सहित संयुक्त बैठक सम्पन्न गरी सहकारी संस्थाको प्रगति समिक्षा सम्पन्न भयो ।

धन्यवाद जय सहकारी, जय हाम्रो गौरव ।

तुलसी पण्डित सदस्य	संगीता पुन सदस्य	तेज कुमारी शाही संयोजक

१९ औं वार्षिक साधारण सभामा प्रस्तुत लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
आर्थिक वर्ष २०८२/०८३

रामजी प्रसाद न्यौपाने
संयोजक

१९ औ वार्षिक साधारण सभाका अध्यक्ष तथा हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्षज्यू, यस साधरण सभाका प्रमुख अतिथिज्यू, विशेष अतिथि ज्यू, संस्थाका सल्लाहकार ज्यूहरू, संञ्चालक समतिका पदाधिकारी तथा शेयर सदस्य ज्यूहरू, बिभिन्न उपसमिति संयोजक तथा सदस्यज्यूहरू, यस सभामा उपस्थित हुनु भएका सेयर सदस्य प्रतिनिधिज्यूहरू एवंम कर्मचारी मित्रहरूमा लेखा सुपरिवेक्षण समिति संयोजकको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु । यस सस्थाले आ.व २०८२ /०८३ मा भए गरेका कारोबार को लेखा समितिका विभिन्न बैठकहरूवाट आन्तरिक लेखा परिक्षण गरी संस्थामा देखाएका विभिन्न गतिबिधिहरूलाई सहकारी ऐन तथा मापदण्डको अधिनमा रही व्यवस्था गरिएको ढाँचामा यो प्रतिवेदन प्रस्तुत गरेका छौ ।

१. साधारणसभाको निर्णय कार्यान्वयन सम्बन्धमा:

यस संस्थाको १८औं साधारण सभा २०८२ कार्तिक २२ गते सम्पन्न भएको थियो र साधारण सभामा प्रस्तुत प्रतिवेदनहरू पास भएपछी संस्थाको आ.व. २०८२ /०८३ मा साधारण सभाका सम्पूर्ण निर्णयहरू कार्यान्वयन गर्ने सम्बन्धमा केही कार्यान्वयन भएको तथा केही कार्यान्वयन उन्मुख रहेको पाइएको छ ।

२. आ.व. २०८२ /०८३ मा बसेको बैठक, निर्णयहरु र कार्यान्वयनको अवस्था:

यस आ.व.२०८२ /०८३ मा संस्थाका सञ्चालक समितिको बैठक १७ पटक बसेको तथा संयुक्त बैठक ४ पटक, ऋण उप समिति बैठक १४ पटक, शिक्षा उपसमिति बैठक ३ पटक अन्य उपसमिति बैठक १२ं पटक बसी विभिन्न निर्णयहरू गरी कार्यान्वयन गरेको तथा केही निर्णयहरू कार्यान्वयनको चरणमा रहेको पाइयो । साथै यस अवधिमा लेखा सुपरिवेक्षण समितिको ४ पटक बैठक बसी सञ्चालकहरूले गरेको तथा संस्था सञ्चालनमा गरेका निर्णयहरू तथा आर्थिक पक्षको आन्तरिक लेखा परीक्षण गरी समय समयमा सुझावहरू प्रदान गरिएकोमा उक्त सुझावहरूको सुनुवाइ भई कार्यान्वयनको चरणमा रहेको पाइयो ।

३. ऋण लगानीको प्रकृया, ऋण बापतको संरक्षण वा धितो सम्बन्धी व्यवस्था:

क) ऋण लगानी प्रकियालाई थप व्यवस्थित र सुरक्षित बनाउनका लागि संस्थाको ऋण लगानी प्रकिया, आवश्यक कागजात, ऋण सुरक्षण, धितोको अवस्था, आम्दानीका स्रोत र बजार मूल्याङ्कन आदिको आधारमा ऋण स्वीकृत गरी लगानी गर्ने गरेको देखिन्छ ।

ख) ऋण लगानी प्रकियालाई संस्थाको व्यवस्थापन समूह र ऋण उपसमिति र संचालक समितिको तर्फबाट छिटो छरितो र सर्वसुलभ तरिकाले निर्णय गर्ने गरेको पाइयो ।

ग) ऋण असुलीको अवस्था सन्तोषजनक रहेको पाइयो ।

४. सेयर लगानी सम्बन्धी व्यवस्था:

यस संस्थाले गरेको लगानीका कारोबारहरू यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

संस्थाले राष्ट्रिय सहकारी बैंक लि. मा रू. १०,११,०००/- नेपाल बचत तथा ऋण केन्द्रिय संघ लि. (नेफ्स्कुन) मा रू १०,००,०००।- तथा जिल्ला सहकारी संघ लि. मा रू १५,०००।- कास्की बचत तथा ऋण सहकारी संघ लि. १०,०००।- जिल्ला कृषि सहकारी सघं ५,०००।- हब सहकारी संघ १,००,०००।- शेयर लगानी गरेको कुरा जानकारी गराउनु चाहन्छु ।

५. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण:

यस संस्थाको कारोबार सहकारी ऐन र सहकारी मापदण्ड तथा विभागबाट जारी मापदण्ड अधिनमा रही सम्पूर्ण कार्यहरू सञ्चालन गरिएको छ ।

६. सहकारी कार्यालय विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिएका प्रतिवेदन अनुसार निर्णय सुझाव कार्यान्वयन सम्बन्धी विवरण:

यस संस्थामा यो अवधिमा कही कतैबाट अनुगमन भएको पाइदैन ।

७. पदाधिकारीहरुको पारिश्रमिक भत्ता र अन्य सुविधाहरुको विवरण:

क) यस संस्थाका अध्यक्षलाई मासिक रू. ३०००।- यातयात तथा सञ्चार खर्च दिएको ।

ख) संचालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, उपसमितिका पदाधिकारी तथा सदस्यहरूलाई बैठक भत्ता वापत क्रमश रू. ७००।- ५००।- ३००।- प्रति बैठक दिएको पाइयो ।

८. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था

क) साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको - भएको

ख) कर्मचारी प्रशासन सम्बन्धी नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको - ल्याइएको

ग) कर्मचारी भर्ना प्रकृया पारदर्शिता र प्रतिस्पर्धा भएको/नभएको - भएको

घ) कार्यरत कर्मचारी र कार्यबोझ विचमा तादम्यता रहेको/नरहेको - रहेको

ङ) व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण संस्थामा १ जना प्रमुख कार्यकारी अधिकृत भएको र व्यवस्थापन प्रमुखको जिम्मेवारी तोकिएको ।

च) कर्मचारी भर्ना र संख्या : ९ जना अस्थायी र १ जना करारमा रहेको पाइयो ।

९. वित्तिय उपलब्धी विवरणतर्फ:

कुल सदस्य संख्या	२०५४ जना
कुल ऋणी संख्या	४५० जना
संस्थाको बचत सङ्कलन	रू. ५५,६८,८२,७५९।-
लगानीमा रहिरहेको ऋण	रू ५०,०३,७८,६५२।-
कुल सेयर पुँजी	रू ६,११,४६,५००।-
जगेडा कोष तथा अन्य कोषहरू	रू ९९,७०,९७३।-
कुल पुँजी	रू ६३,०४,२३,६९५।-

बचत सङ्कलन र ऋण लगानीको अनुपात करिब ८९.८५ प्रतिशत रहेको छ ।

कुल बचत सङ्कलनमा सेयर पुँजीको अनुपात १०.९८ प्रतिशत रहेको छ ।

कुल ऋण लगानीमा सेयर पुँजीको अनुपात करिब १२.२२ प्रतिशत रहेको छ ।

कुल सम्पत्ति र जगेडा कोष तथा अन्य कोषको अनुपात १.५८ प्रतिशत रहेको छ ।

१०. लेखा समितिले यस अघि दिएका प्रतिवेदन बमोजिमका सुझावहरु कार्यान्वयनको अवस्था:

१. संस्थामा भएको तरलता रकमलाई विभिन्न बैंक वित्तिय संस्थाहरूमा बचत तथा मुद्धती खाता खोलि राख्ने गरेको पाइयो ।

२. सेयर सदस्यहरूलाई नियमित रूपमा बचतका लागी मौखिक तथा टेलिफोन मार्फत जानकारी दिइएको साथै मासिक बचत नियमित गराइएको पाइयो ।

३. ऋणी सदस्यहरूलाई ऋण लगानी कै समयमा कर्जाको सावाँ व्याज भूक्तानी तालिका खुलाई जानकारी पत्र दिइएको पाइयो ।

४ सदस्यहरूको स्वास्थ्य उपचारमा सहजताका लागी मणिपाल शिक्षण हस्पिटल फूलवारी पोखरासंग संम्झौता पुन नविकरण गरिएको साथै संस्थाको आपसी सहयोग कोष नीति अनुसार सेयर सदस्यको मृत्यूमा एकाघरका परिवारलाई राहत कोष वितरण गरेको पाइयो ।

५. संस्थाको ऋण लगानी तथा असुली नीतिलाई समय अनुकुल परिमार्जनका लागी प्रस्ताव गरिएको छ ।

६. संस्थाका सदस्यहरूलाई संस्थाको गतिविधिहरूको जानकारी एवं आवश्यक सुझावहरू संकलनका लागी सहकारी शिक्षा तथा अन्तरक्रिया कार्यक्रमसंचालन गरेको पाइयो ।

७ संस्थाले वार्षिक मुनाफाबाट छुट्याइएको शेयर लाभांश कोष, संरक्षित पुंजी फिर्ता कोषहरू कार्यविधि अनुसार वितरण गरेको पाइयो ।

८. मिति २०८२/११/०७ देखी २०८२/११/०९ गते सम्म शेयर सदस्यहरूलाई तिन दिने अवलोकन भ्रमण गराएको पाइयो ।

९. मिति २०८२/११/२६ मा राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता भई संचालन अनुमती लिई संस्था संचालन गरेको पाइयो ।

१०. मिति २०८२/१२/१७ मा कर्जा सुचना केन्द्र लिमिटेडमा दर्ता भएको पाइयो ।

११. संस्थाको सम्पूर्ण आर्थिक कारोवार ईनफिनिटि सफ्टवयरबाट हिसाव किताब राख्ने गरिएको पाइयो ।

१२. धितो सुरक्षणको सिमा कायम गरि क्रमश कार्यान्वयनमा लगेको पाइयो ।

१३. बचत तथा ऋणको ब्याजदर संचालक समितिले निर्धारण गरेअनुसार नै कार्यान्वयन गरेको पाइयो ।

१४. कर्मचारीहरूको तलब भत्ता वितरण गर्दा नियम अनुसार कर कट्टी गरी भूक्तानी दिइएको पाइयो ।

११. लेखा समितिले उल्लेख गर्न चाहेको अन्य विषय:

संस्थाले आफ्ना सदस्यहरूलाई क्षमतावान बनाउन संस्थाका समसामयिक विषयहरूमा अन्तक्रिया, सदस्य सहकारी शिक्षा आयोजना गर्ने गरेको छ, साथै यस संस्थाले भित्तेपात्रो छपाई तथा बिभिन्न सामाजिक संघ संस्थालाई आर्थिक सहयोग, बृक्षारोपण लगाएत कार्यहरू गरेकाले यस संस्थाका सञ्चालक समितिलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु यसैलाई निरन्तरता दिदै आगामी दिनहरूमा निम्नानुसारका कार्यक्रमहरू अगाडि बढाउन सुझाव दिन चाहन्छौं ।

क) सहकारी नियमावली २०७५ बमोजिम संस्थाको सञ्चालक समितिको निर्णयमा संस्थामा बिधमान विभिन्न नीति तथा कार्यविधिहरूको संसोधन तथा थप कार्यविधिहरूको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

खं हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्थाले कार्यक्षेत्र भित्र बसोबास गर्नेहरू लाई सदस्य बनाउनको लागि आवश्यक कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

ग) संस्थाले विभिन्न मिति र शीर्षकमा लगानी गरेका कर्जाहरू मध्ये भाखा नाघेको कर्जाहरू संस्थाले विभिन्न माध्यमबाट ताकेता गरेको पाइए तापनि हालसम्म उक्त भाखा नागेका कर्जाको साँवा ब्याज तथा हर्जना रकम असुली गर्न नसकेको देखिएको हुँदा यसलाई अझ बढी तदारूपताका साथ ताकेता गर्नुपर्ने र अटेर ऋणीहरूलाई कारवाहीको दायरामा ल्याई संस्थाको भाखा नागेको कर्जा असुल उपर गर्नुपर्ने देखिन्छ ।

अन्तमा, यस साधारण सभामा प्रस्तुत यस प्रतिवेदन उपर सदस्यज्यूहरूले रचनात्मक सुझाव सहित पारित गरि दिनुहुनेछ भन्ने आशाका साथ प्रतिवेदन अन्त्य गर्ने अनुमती चाहन्छु ।

धन्यवाद, जय हाम्रो गौरव सहकारी ।

गिता विमली	बुद्धिमाया पोखरेल	रामजी प्रसाद न्यौपाने
सदस्य	सदस्य	लेखा संयोजक

PAUDYAL PRAJWAL & ASSOCIATES
CHARTERED ACCOUNTANTS
ICAN Regd No.:1083

हाम्रो गौरब बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा-३०, खुदी, ढुङ्गेपाटन
शेयरधनी महानुभावहरुमा
आर्थिक वर्ष २०८२/२०८३ को स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन

सदस्य शेयरधनी महानुभावहरु :

१. लेखापरीक्षकको राय:

यसै साथ संलग्न श्री हाम्रो गौरब बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ३२ आषाढ २०८३ को वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान तथा अन्य आय व्ययको विवरण, नगद प्रवाह विवरण, कोष तथा जगेडामा भएको परिवर्तन सम्बन्धि विवरण एवं वित्तीय विवरणसँग सम्बन्धित प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुको २०८३ आषाढ मसान्त (तदअनुसार १६ जुलाई २०२६) को वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान तथा अन्य आय व्ययको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानुनका अधिनमा रही लागु हुने नेपाल वित्तीय प्रतिवेदनमान अनुसार सारभुत रुपमा यथार्थ चित्रण गर्दछ

२. राय व्यक्त गर्ने आधारहरु:

हामीले हाम्रो लेखापरीक्षण "नेपाल लेखापरीक्षणमान" बमोजिम सम्पन्न गरेका छौं । यी मान अन्तर्गतका हाम्रा दायित्वहरु यस प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणप्रति लेखापरीक्षकको जिम्मेवारी" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले व्यवसायिक लेखापालका लागि आचारसंहितको हाते पुस्तक लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचारणहरुको आधारमा हामी यस निकायबाट स्वतन्त्र छौ र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचारसंहिताको हातेपुस्तक बमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं । हाम्रो लेखापरीक्षणबाट प्राप्त लेखापरीक्षण प्रमाणहरु हाम्रो रायलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३ मुख्य लेखापरीक्षण विषयवस्तुहरु (Key Audit Matters)

लेखा परीक्षणका मुख्य विषयहरू ती विषयहरू हुन् जुन हाम्रो व्यवसायिक निर्णयमा हालको वित्तीय विवरणहरूको लेखा परीक्षणहरूमा सबैभन्दा महत्वपूर्ण थियो । यी विषयहरू समग्रमा वित्तीय विवरणहरूको लेखापरीक्षणको सन्दर्भमा र यसमा हाम्रो राय बनाउँदा सम्बोधन गरिएको थियो र हामी यी बिषयहरूमा छुट्टै राय प्रदान गर्दैनौं ।

४. वित्तिय विवरणप्रति व्यावस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व :

वित्तिय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीवाट होस्, सारभूत किसिमले त्रुटिरहित, वित्तिय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वयन र संचालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागू गर्ने एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्, वित्तिय विवरणहरु तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नतासँग सम्बन्धित जानकारीहरु खुलासा गर्ने दायित्व संस्थाको व्यवस्थापनमा रहने छ। संस्थाको वित्तिय प्रतिवेदन प्रकृया सम्बन्धि जिम्मेवारी शासकीय व्यवस्था बहन गर्नेको अख्तियारीमा रहेको हुन्छ।

